Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागारिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## काठमाण्डौ उपत्यकामा निषेधाज्ञा जारी रहे पनि निम्न सेवा सञ्चालन हुने

01 औषधी, पानीमात्र विक्रिवितरण गर्ने र स्वास्थ्य सामाग्री विक्रि गर्ने पसल जुनसुकै समयमा सञ्चालन गर्न सकिने ।

02 खाद्य वस्तु, दुध र दुधजन्य पदार्थ, फलफूल, तरकारी,माछा मासु विक्रिवितरण गर्ने पसल विहान ११:०० बजेसम्म खोल्न सकिने ।

03 विकास निर्माणसंग सम्बन्धित पसल/व्यवसाय साथै सो को ढुवानीका लागि प्रयोग हुने सवारी साधन दिउँसो २:०० बजे देखी बेलुका ९:०० बजेसम्म सञ्चालन गर्न सकिने ।

04 RT-PCR नेगेटिभ भएका व्यक्तिहरूबाट मात्र Takeaway सेवा सञ्चालन गर्न सकिने ।

05 अत्यावश्यकिय वस्तुको होम डेलिभरी गर्न सकिने । तर, होम डेलिभरी गर्ने व्यक्तिको RT-PCR नेगेटिभ हुनुपर्ने । (यो सेवा मापदण्ड जारी भए पछीमात्र सञ्चालन गर्न सकिने छ ।)

06 एयरपोर्ट देखी क्वारेन्टाईन वा आईसोलेशन वा होटेल सम्म जाने यातायात सञ्चालन गर्न सकिने ।

07 बैंक तथा वितिय संस्थाले कर्मचारी संख्याको एक तिहाई कर्मचारीबाट सेवा सञ्चालन गर्ने ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/

## नेपाल अपडेट



काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा रहेका १० अति विपन्न परिवारका एकल महिलालाई सहयोग गर्दै एकल महिला समाज काभ्रेपलाञ्चोक

तस्बिर: केशवराज पौडेल

### परिक्षण


पिसिआर परिक्षण: ७,३१,८५२

पोजेटिभ: ४२,८७७

उपचाररत: १८,४१३

मृत्यु : २५७






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



अब ५०० भन्दा बढी संक्रमित भएका जिल्लामा मात्र लकडाउन हुने रे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लाहरूमा निषेधाज्ञा गर्न र २०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लाहरूमा बन्दाबन्दी गर्न अनुरोध गरेको छ । तर निषेधाज्ञा वा लकडाउनको स्वरुप कस्तो हुने भनेर DCCMC संगको समन्वयमा जिल्ला प्रशासन कार्यालयले निर्क्योल गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आदेश जारी गर्नेछन् ।


स्रोत: https://www.facebook.com/mohpnep/videos/633192894296668



सरकारले नियमित उडान त हुने भनेको छ, तर खाडिका सबै मुलुकमा उडान हुदैन भन्ने सुनिन्छ । वास्तविकता के हो ?

RT-PCR परीक्षण सहज नभएका मुलुकहरु जस्तै साउदी अरब, कुवेत, कतार वा अन्य मुलुकबाट नियमित उडानबाट यात्रु ल्याउन नपाउने निर्णय सरकारले गरेको हो । त्यस्ता मुलुक र नियमित उडानका लागि अनुमती नभएका श्रमिक रहेका मुलुकबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगबाट सिफारिस भएका व्यक्ति र रोजगारदाता कम्पनीकै खर्चमा वा रोजगारी सम्झौता सकिएर आफ्नै खर्चमा नेपाल आउन चाहने यात्रुको लागि उद्धार (चार्टर) उडानको लागि अनुमती दिने पनि सरकारले निर्णय गरेको छ । तर, नियमित तथा चार्टर उडान मार्फत एक दिनमा ८०० जना सम्मका लागि मात्र आवागमनका लागि अनुमति दिईनेछ ।

स्रोत: https://mocit.gov.np/categorydetail/2077-bhadra-14-cabinet



अहिले कारागारका कैदीबन्दीहरूमा संक्रमण भयावह छ रे । कसरी व्यवस्थापन हुदैछ ?

हालसम्म देशभर जम्मा ११८ जना कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको छ । जस मध्ये ४८ जना संक्रमण मुक्त भएकाछन् भने, ६९ जना उपचाररत छन् र १ जनाको मृत्यु भएको छ । काठमाण्डौ उपत्यकाको हकमा तत्कालको लागि संक्रमित कैदीबन्दीलाई राख्न कीर्तिपुर स्थित आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई आईसोलेशनको रुपमा प्रयोग गर्ने र केन्द्रीय कारागार सुनधाराको परिसरमा रहेको तालिम केन्द्रको कारखानालाई आईसोलेशन केन्द्र निर्माण गर्ने कार्य भईरहेको छ । त्यसै गरेर सम्भव भए सम्म कारागार कार्यालयमा रहेका स्वास्थ्यकर्मीबाटै उपचार गराउने व्यवस्था सरकारले मिलाउदैछ ।

स्रोत: https://www.moha.gov.np/post/press-release-2035



सरकारले कोरोना परीक्षणको शुल्क घटायो त भन्यो, कसैले ४ हजार भन्छ, कसैले ४ हजार ४ सय यो फरक किन ?

कुनै अस्पतालमा पिसिआर परीक्षण हुदैन भने, त्यस्तो अस्पतालमा नमुना संकलन गर्न ४ हजार ४ सय तोकिएको छ । त्यो ४ हजार ४ सय मध्ये ४ हजार रुपैयाँ जुन प्रयोगशालामा नमुना परीक्षण हुने हो, त्यो प्रयोगशालालाई परीक्षण शुल्कको रुपमा बुझाउनु पर्दछ । बाँकी ४ सय रुपैयाँ नमुना संकलन गर्ने भिटिएम पिपिई लगायतका सामानको खर्चको रुपमा तोकिएको छ । यदी कुनै प्रयोगशालाले आफै नमुना संकलन गरी परीक्षण गर्ने गरेको छ भने उक्त ठाउँमा परीक्षण शुल्क अधिकतम ४ हजार तोकिएको छ ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/326014082179064

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,१७,४८६ संक्रमित | ८७,३७८ संक्रमित | ५२,८०७ संक्रमित | १,१९,२०६ संक्रमित | ७२,१५४ संक्रमित | ८६,३८० संक्रमित | ९,३७४ संक्रमित | २०,६४४ संक्रमित |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- 🟠 गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- 🔵 गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- 🔴 गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- ⚫ गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## नेपाल, कुवेत र यु.ए.ई.का केही महत्वपूर्ण जानकारी

### नेपाल

नयाँ श्रम स्विकृती सुरु गर्ने निर्णयसंगै वैदेशीक रोजगार बिभाग को सूचना अनुसार फागुन २९ गते भन्दा पहिले पूर्व स्विकृती लिनु भएकाहरुको लागि अन्तिम श्रम स्विकृती दिईने छ । तर, यसको लागी कम्पनीबाट NOC (नो अब्जेक्सन सर्टिफिकेट) चाहीने भनिएको छ । व्याक्तिगत श्रम स्विकृतीमा जान चहानुहुनेहरुलाई पनि कम्पनीको NOC चाहीने भएको छ ।

नियमित उडान भएसंगै विदेशी बिमान कम्पनीले आफ्नै मनोमानी भाडादर तोक्न थाले पछी संकृति, पर्यटन तथा नागरिक उड्डायन मन्त्रालयले नेपाल एयरलाईन्स् र हिमालय एयरलाईन्स् भन्दा बढी राख्न नपाईने नियम बनाएको छ । साथै केही दिन पहिले एयर अरेबियाले तोकिएको भन्दा बढी भाडा लिएको, पिसिआर र आडिटी टेस्ट गरेका सबैलाई एकैसाथ नेपाल लगेको र सबैलाई होटेलमा राख्दा धेरै खर्च गराएको हुनाले त्यो रकम फिर्ता गर्न पनि आदेश दिईएको छ ।

### कुवेत

अबदेखी सुपरमार्केटमा समान लिन जाँदा अपोईन्टमेन्ट लिनु नपर्ने भएको छ । यो भन्दा पहिले समान किन्न जाँदा अपोईन्टमेन्ट लिएर मात्र जान पाईन्थ्यो ।

### यू.ए.ई.

विद्यालयहरु खुल्ने भनिए पनि धेरै अभिभावकले आफ्ना छोराछोरीहरुलाई विद्यालय पठाउन असुरक्षित महसुस गरेपछी फेरी अनलाईन माध्यमबाटै कक्षाहरु सुरु हुने भएका छन् ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च


**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

- औषधी तथा स्वास्थ्य उपकरण — रु. १,७५,५२,४०,०००
- क्वारेन्टाईन व्यवस्थापन — रु. ४,६९,४६,०००
- स्वास्थ्य बीमा — रु. २,९३,८८,९६,०००
- अन्य — रु. १,२४,७३,०००
- मानव स्रोत साधन परिचालन — रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## नागरिक अवधारणा

**स्थानीय सरकारले गरेको खर्चको जानकारी**

| २८% | ७२% |
|---|---|
| छ | छैन |

## संघिय सरकारले कती प्रभावकारी रुपमा खर्च गऱ्यो ?

| उत्कृष्ट | राम्रो | सन्तुष्ट | असन्तुष्ट | एकदम नराम्रो |
|---|---|---|---|---|
| १% | ६% | २१% | ५२% | २१% |

कोरोना प्रतिकार्यमा सरकारको प्रयास कस्तो छ भन्ने सन्दर्भमा देशभरीका ७५० जनासंग लिईएको नागरिक अवधारणा सर्वेक्षण अनुसार जम्मा २८% नागरिक मात्र आफ्नो स्थानीय सरकोले खर्चको बारेमा जानकार छन् । सबै स्तानीय तहलाई गत आर्थिक वर्षमा कोरोना प्रतिकार्यमा भएको खर्च सार्वजनिक गर्न भनिएको थियो, तर पनि अझै सर्वेक्षणमा सहभागी मध्ये ७२% सहभागिहरूलाई त्यसबारेमा थाहा छैन । यसको दुई वटा कारणहरु हुन सक्छन् । या त सरकार पारदर्शी छैन अथवा नागरिकलाई यसको बारेमा चाँसो छैन । जे भए पनि नागरिकले यसमा चाँसो दिनु पर्दछ र सरकारलाई जवाफदेही बनाउन यस सम्बन्धी सूचना माग गर्नु पर्दछ ।

त्यसै गरेर, ५२% सहभागीले कोरोना प्रतिकार्यमा संघिय सरकारले गरेको खर्च प्रति असन्तुष्टी जनाए भने, २१% सहभागीले त एदमै नराम्रो भयो भने । यसको प्रमुख कारण सरकारको कमजोर सञ्चार रणनीति पनि हुनसक्छ । नागरिकको विश्वास जित्न सरकारले यो पक्षलाई गम्भिरतापुर्वक लिन जरुरी छ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस

## रत्न बहादुर खड्का

प्रमुख, नारायण नगरपालिका दैलेख



"जनप्रतिनिधीको रुपमा मैले नेतृत्व गर्दै आएको दैलेखको नारायण नगरपालिका कोभिडको हटस्पटको रुपमा रह्यो । अहिले पनि स्थीती सामान्य भइसकेको छैन । यस क्षेत्रका वासिन्दाको सहयोग र नगरपालिकाको बजेटबाट हामीले पिसिआर मेसिन खरिद गरी परीक्षणको सुरुवात गर्‍यौं । अव फेरी हामीलाई अझै ठुलो चुनौती थपिदै छ । दशै तिहारमा कर्णालीमा धेरै मानिसहरु भारतबाट आउँदैछन् । तिनिहरूलाई सहज व्यवस्थापन गर्न सकिएन भने अवस्था निकै कठिन हुनेछ । यो अवस्थामा प्रदेश सरकार र संघिय सरकारले स्थानीय तहसँग समन्वय गरी कोरोना रोकथाम तथा प्रतिकार्यको लागि लाग्नु जरुरी छ ।"

## सिर्जना महत

आइसोलसन वार्ड इन्चार्ज, विएस्सी नर्सिङ



"सुरुवातमा हामी स्वास्थ्यकर्मीलाई निकै कठिनाई भयो । पिपिइको समस्या थियो । हामीले यहिँ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पिपिइ वनाएर काम शुरु गरेका हौं । सुरुमा रिपोर्ट आउन पनि ढिलाई हुन्थ्यो । कोरोना संक्रमितसँग प्रत्यक्ष जोडिएर काम गर्ने हुनाले आफुलाई पनि संक्रमण हुन्छ कि भन्ने ठुलो डर हुन्थ्यो । मरिने बाँचिने निश्चित थिएन । परिवार आफन्तजनले चिन्ता गरिरहनुहुन्थ्यो । तर जे जस्तो भएपनि हामीले निरन्तर सेवा गरिराख्यौं । अहिले हामीसंग पहिले जस्तो डर पनि छैन । पूर्ण सुरक्षा सावधानीका साथ खटिएका छौं ।"

## गोपालजंग रायमाझि

प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय, सुर्खेत



"विहान ५ बजेदेखि राती २ बजेसम्म निरन्तर डिउटीमा खटिइरहेका छौं । सामुदायीक प्रहरी र स्थानीय नगरपालिकासँगको समन्वयमा हामीले वीरेन्द्रनगरका १६ वटै वडामा जनचेतना फैलाउने काम गर्यौं । हामीसंग श्रोत साधन थिएन । जिल्लामा जनशक्ति पनि थिएन । स्वास्थ्य सामग्रीहरु थिएनन् । एउटै मास्क दुइ तीन दिन निरन्तर लगाउनु पर्ने अवस्था थियो । सेनिटाइजर र ग्लोव्स त उपलब्ध पनि थिएन् । अरुलाई मास्क, ग्लोव्स लगाउन भन्थ्यौं तर हामीसँग हुन्थेन । त्यसरी काम गर्‍यौं । सुरुमा मानिसहरूले लकडाउनको पूर्ण पालना गरे, हामीलाई पनि सहयोग गरे । तर, विस्तारै मान्छेहरुमा नियम उलंघन गर्ने बानी बढ्दैछ ।"

# के सरकारले विदेशमा फसेका वास्तविक पीडितलाई उद्धार गर्दैछ ?



## अनुभव १

बाँकेका हजरत अलि हाल साउदी अरबमा छन् । उनी कार्यरत कम्पनीमा कोरोनाका कारण काम नरोकिए पनि कम्पनीमा काम गर्ने माहोल भने चिन्ताजनक छ । आवश्यक सुरक्षाका सामाग्री बिना काम गर्नु पर्दा कहीँकतैबाट संक्रमणमा पो परिने हो की भन्ने चिन्ताले उनलाई पिरोलि रहन्छ । दुई वर्ष पछि घर फर्कने गरि भएको पूर्ववत सहमति अनुसार, हाल उनको समय अवधि पुरा भएको छ । कम्पनीले टिकट गराई दिने भने तापनि हाल नेपालमा अन्तराष्ट्रिय उडान अबरुद्ध भएकोले उनी नेपाल फर्किन सकिरहेका छैनन् । साउदी अरब स्थित नेपाली दुतावासमा टिकटका लागि दिनहुँ सम्पर्क गरिरहेको छन् । तर, एक महिना भइ सक्दा पनि उडानको कुनै टुङ्गो लागेको छैन ।

## अिनुभव २

बाँकेका शंकर रिजाल एक वर्ष देखी मलेसियामा छन् । उनी जुन कम्पनीमा काम गर्ने भनी नेपालबाट गएका थिए, सो कम्पनीले काम गरेको ५ महिना भई सक्दा पनि तलब दिएन । घर फर्किन्छु भन्दा समेत आफै टिकट लिएर घर र्फकिनु भन्ने कुरा गरे पछि समस्यामा परे । अन्तिममा केही उपाय नलागे पछि कम( पनीबाट भागेर गैर कानुनी तरिकाले साथीको सहयोगमा अर्कै कम्पनीमा काम गर्न थाले । केहि पैसा जम्मा गरेर नेपाल फर्किने निर्णय समेत गरे । नेपाल फिर्किनको लागि एक लाख तिरेर टिकट समेत लिएर भोली नेपाल फर्किन्छु भन्दा सोही राति नै नेपालबाट अन्तराष्ट्रिय उडान बन्द भएको खबर पाए । हाल घर फर्किनको लागि धेरै प्रयास गरेको र नेपाल सरकारले घर लैजावस भन्ने र्फखाइमा आफु बसेको उनी बत( ाउछन् ।

## अनुभव ३




बाँकेकै ललित के.सी. ३ वर्ष बढि समय देखि मलेसियामा छन् । कोरोनाका कारण ८० दिन कम्पनी बन्द रह्यो । बन्द अवधि सम्म कम्पनीले मासिक तलबबाट ५०% कटौती गरी भुक्तानी गऱ्यो । हाल खासै कामको समस्या नरहे पनि दिनहु एउटै डर छ, कतै संक्रमित भइन्छ की भनेर । उनका अनुसार पहिले एक तर्फि ५ देखि ६ सय रिंगेट पर्ने टिकट अहिले १५ देखि १६ सय रिंगेट पर्छ । पहिलेको भन्दा झन्दै ३ गुणा महंगो भएको छ । टिकट कसरी लिनु ? कम्पनीले केहि पनि नव्यहोर्ने भने पछि झनै समस्या भएको छ ।

*माथिका तिनवटै घटनाले हाल विदेशमा समस्यामा परेका नेपाली श्रमिकको यथार्थलाई प्रतिबिम्बित गर्दछन् । के विदेशमा फसेका नेपालीलाई सरकारले गर्ने भनेको उद्धारको योजनाले माथि उल्लेख गरिएका प्रतिनिधि घटनालाई समेटेको छ त ?*

सही सूचना

# प्रदेश नं. २ र बागमती प्रदेशमा दैनिक संक्रमितको संख्या बढ्दै

प्रदेश अनुसार दैनिक कोभिड - १९ बाट संक्रमितको संख्या




माथिको ग्राफले अन्तिम ६ दिनको प्रदेशगत दैनिक संक्रमितको संख्यालाई देखाउँछ । अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा दैनिक संक्रमितको संख्या द्रुत गतिमा बढेको प्रष्ट देख्न सकिन्छ । यसरी हेर्ने हो भने, बागमती प्रदेशको मात्र दैनिक संक्रमितको संख्या, प्रदेश नं. १, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुर प्रदेशको समग्र जम्मा संख्या भन्दा पनि धेरै छ । यो अवधीमा दैनिक संक्रमण दरको हिसावमा प्रदेश नं. २ दोस्रो स्थानमा पर्दछ । बागमती प्रदेशका प्राय संक्रमित अहिले काठमाण्डौ उपत्यकामा छन् । अहिलेकै अवस्था रहने हो भने, बागमती प्रदेश र प्रदेश नं. २ आउने दिनमा अझै जोखिममा रहनेछन् ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219